गाउँसभामा २०८० साल आषाढ ७ गते

गाउँपालिका अध्यक्ष श्री भब बहादुर भण्डारी ज्यूले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८०/०८१ को

# नीति तथा कार्यक्रम

रघुगंगा गाउँपालिका

मौवाफाँट, म्याग्दी

**रघुगंगा गाउँपालिकाका उपाध्यक्ष, गाउँसभाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका कर्मचारीहरु, पत्रकारहरू एवम् उपस्थित सम्पूर्ण महानुभावहरू !**

१. स्थानीय सरकार प्रमुखको रूपमा रघुगंगा गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अवसर पाउँदा गर्वको अनुभूति गरेको छु ।

२. सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्याससम्म आउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानसहित स्मरण गर्दछु ।

३. संविधान कार्यान्वयनको अभ्यास, विगत ५ वर्षको अनुभव र उपलब्धिहरू हाम्रा लागि उत्साह भर्न लागिपरेका छन् । मानव अधिकारको प्रवर्द्धन, मौलिक हक र अधिकारको संरक्षण सहित तीनवटै सङ्घीय, प्रादेशिक र गाउँपालिका तहमा विधिको शासन कायम गर्न गाउँपालिका प्रतिवद्ध छ ।

**गाउँसभाका सदस्यहरू,**

४. विकासमा निश्चित उद्देश्य हासिल गर्न अपनाइने रणनीति, समय, क्रियाकलापहरु र साधन श्रोतको संयोजन गरी योजनाबद्ध विकासको सुरुवात गर्न हाम्रो प्रथम पञ्चवर्षीय योजना २०७६/०७७ देखि २०८०/०८१ तर्जुमा भई अन्तिम आर्थिक वर्ष २०८०/०८१ को कार्यान्वयनको चरणमा प्रवेश गर्न लागिएको छ । सोही पञ्चवर्षीय योजनाले मार्गनिर्दिष्ट गरेका विषयहरुलाई प्राथमिकतामा राखी दोस्रो पञ्चवर्षीय योजना २०८२/८३ देखि २०८६/८७ निर्माणमा सहयोग गर्न सबै जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, समाजका बुद्धिजीवी, पत्रकार एवं सम्पूर्ण नागरिकहरूबाट अपेक्षा राखेको छु ।

५. चुस्त सेवा प्रवाह मार्फत् उच्च कार्यसम्पादन एवम् लगनशीलताका साथ गाउँपालिकाका प्राथमिकता र कार्यक्रमहरुलाई नागरिक समक्ष पुऱ्याउन कर्मचारी वर्गबाट भएको सकारात्मक भूमिका उल्लेखनीय रहेको छ ।

६. गाउँपालिकाको रणनीतिक सडकको रूपमा रहेको गलेश्वर-मौवाफाँट-दग्नाम-दर्मिजा-चिमखोला-कुइनेमंगले सडकलाई निजी क्षेत्रसँगको सहकार्यमा स्तरोन्नतिका लागि सार्वजनिक निजी साझेदारीमा काम भइरहेको छ । भगवती मैदान-वडा कार्यालय-बेगखोला-बाँदुक-तिप्ल्याङ्ग सडक, पाखापानी-रायखोर-घ्याँसीखर्क सडक, झिँ-टोड्के सडक, झिँ-पाखापानी सडक निर्माण गर्नका लागि सडकको विस्तृत परियोजना प्रतिवेदन तयार भई सङ्घीय सरकार एवं प्रदेश सरकारसँगको साझेदारीमा स्तोन्नतिको कार्य भइरहेको छ ।

७. गाउँपालिकाभित्र सञ्चालित जलविद्युत आयोजनाहरूको समन्वयमा वडा नं ३, ४, ७ र ८ मा नियमित सडक मर्मत तथा स्तोन्नतीको कार्य भइरहको छ ।

८. गाउँपालिकाको वडा नं. ७ चिमखोलालाई बहुआयामिक नमुना ग्रामको रूपमा घोषणा भई कार्यान्वयनको चरणमा समेत प्रवेश गरिसकेकाले विगतका आ.व. र यस आ.व.मा जस्तै सिपमूलक र लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९. यस गाउँपालिकालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउनका लागि धार्मिक, पर्यटकीय, भाषिक, सांस्कृतिक महत्वका क्षेत्रहरूको संरक्षण, विकास तथा विस्तारका लागि विशेष पहल गरिएको छ ।

गाउँपालिकामा ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक, धार्मिक,पर्यटकीय, आर्थिक क्षेत्रको विकास गर्ने नीति अवलम्बन गरिने छ ।

१०.आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्नका लागि गलेश्वर-रुइसेडाँडा-धौलागिरी-आइसफल-रिखार-मालिका-टोड्के पर्यटन पदमार्ग निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी विभिन्न मन्त्रालय एवं निकायमा बजेट माग गरिएको छ । टोड्केमा निर्माणाधीन उच्च उचाई खेलमैदान निर्माणको कार्य सङ्घीय र प्रदेश सरकारसँगको समन्वयमा सम्पन्न गरिनेछ ।

११.गाउँपालिकाको वडा नं. २, नौलिबराह क्षेत्रमा औद्योगिक ग्राम निर्माणका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र विस्तृत परियोजना प्रतिवेदन बमोजिम गाउँपालिका र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबीच सम्झौता समेत भई औद्योगिक ग्राम निर्माणको कार्य अगाडि बढेको छ ।

१२.रघुगंगा गाउँपालिकाको वडा नं २ को कार्यालय भवन निर्माण गरी सोही भवनबाट सेवा सञ्चालन गरिएको छ । आ.व. २०८०/८१ मा वडा नं. ५ को कार्यालय भवनलाई निर्माण सम्पन्न र थप ३ वटा वडा कार्यालय भवन निर्माण गरिने छ ।

१३.आन्तरिक आम्दानीलाई वृद्धि गर्न विभिन्न शीर्षकमा लगाइएको करबाट जम्मा भएको राजश्वको चुहावट रोक्न र स्थानीय पुंजी पलायनलाई नियन्त्रण गर्न आ.व. २०८०/८१ बाट स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मार्फत् राजस्व असुलीको सुरूवात गरिने छ ।

१४.स्थानीय सरकारको सुशासन, विकास र समृद्धिको लागि हामीले महत्वपूर्ण २० वटा ऐन, ५ वटा नियम, ४६ वटा निर्देशिका, कार्यविधि र मापदण्डहरू गरी जम्मा ७१ वटा कानूनहरू जारी गरी कार्यान्वयनमा ल्याएका छौं । हामीसँग रहको कार्यपालिकीय, विधायिकी र न्यायिक तीन वटै अधिकार प्रयोग गर्न सक्षम हुँदै अगाडि बढिरहेका छौं ।

१५.नागरिकहरूमा वैकल्पिक चिकित्साप्रति फैलिरहेको जागरणमा सहभागिता जनाउन र आयूर्वेदप्रतिको आकर्षण बढाउन आयुर्वेद प्रवर्द्धन कार्यक्रमहरू गरिएको छ ।

१६.आर्थिक सहयोगलाई थप व्यवस्थित बनाउन आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू बालबालीका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, कडा तथा असाध्य रोग लागेका, दीर्घरोगीहरू, विभिन्न प्रकृतिका विपद्हरुबाट पीडित व्यक्तिहरूका लागि मात्र विशेष सम्बोधन गरिने छ ।

१७.खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने आलु पकेट, सुन्तला पकेट र केरा पकेट विकास कार्यक्रम तथा अनुदानमा आधारित विविध कृषिजन्य सामग्री बिउ/बिजन वितरण गरी कृषिमा आधुनिकीकरण गर्न प्रयत्न गरिएको छ । वनक्षेत्र विस्तार गरी दुधजन्य र मासुजन्य उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाइनेछ

**गाउँसभाका सदस्यज्यूहरू,**

१८.सिपमूलक कार्यक्रम मार्फत् रोजगारी सिर्जना, उत्पादन र उत्पादकत्व अभिवृद्धि, पूर्वाधार निर्माणलाई बालबालीकामैत्री, दिगो विकास लक्षित र पर्यावरणीय सन्तुलनलाई प्राथमिकता कायम गर्न प्रयत्न गरिनेछ।

१९.मानवीय क्षमता विकास मार्फत् पूर्वाधार निर्माण, उद्यमशीलता र रोजगारी सिर्जना, स्थानीय नेतृत्व क्षमता विकास, दिगो विकासको स्थानीकरण, प्रभावकारी सेवा प्रवाह र कानूनी शासनको प्रत्याभूतिलाई प्राथमिकतामा राख्दै नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षा पुरा गर्नका लागि गाउँपालिकाको **"समृद्ध रघुगंगाः सुखी रघुगंगाबासी"** मूल नारामा समाहित हुनेगरी नीति तथा कार्यक्रम केन्द्रित गरिएका छन् ।

२०.सेवा प्रवाह सुदृढीकरण गर्न मानव पूँजी निर्माणमा जोड दिई सुशासनका आधारभुत तत्त्वहरूलाई प्राथमिकतामा राखीनेछ । अब म गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम क्षेत्रगत रूपमा प्रस्तुत गर्दछु।

## आर्थिक क्षेत्र

२१.सम्भाव्यता अध्ययन र स्रोत नक्साङ्कन सहितको आन्तरिक राजस्व सुधार कार्ययोजना निर्माण भई कार्यान्वयनको चरणमा रहेकाले आन्तरिक स्रोतको दर र दायरा विस्तारमा बौद्धिक वर्गको सहभागिता, विभिन्न राजनीतिक दलहरूसँगको परामर्श लिईने छ ।

२२.प्राकृतिक साधन स्रोतहरू; जल, जमिन, जङ्गल, जडिबुटी र चरिचरणको व्यवस्थापनमा स्थानीय जनसमुदायको सहभागिताको सुनिश्चितता गरी अर्थपूर्ण बनाउनका लागि उत्पादनका साधनमाथि उत्पादकको स्वामित्व स्थापित गरिने छ ।

२३.कर सचेतना अभियान मार्फत् कर तिर्नु नागरिकको दायित्व हो भन्ने भावना सिर्जना हुँदै गईराखेकाले नागरिककै अग्रसरतामा राजश्व संकलन गर्ने नीतिलाई निरन्तरता दिईनेछ । कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

### कृषि

२४.रैथाने बाली उत्पादन कार्यक्रम मार्फत् कृषिलाई स्थानीय आर्थिक वृद्धि र रोजगारीको प्रमुख संवाहकका रूपमा विकास गर्न कार्यविधि बनाई कृषक प्रोत्साहन गरिनेछ । कृषि क्षेत्रलाई निर्वाहमुखी अवस्थाबाट आधुनिकीकरण, विशिष्टीकरण, यान्त्रिकीकरण, औद्योगिकीकरण र व्यावसायीकरण गर्दै रुपान्तरण गर्ने लक्ष्य लिइनेछ।

२५.कृषि बिउबिजनको सहज आपूर्ति, कृषि सामग्री व्यवस्थापन, सामुहिक खेती र बजार पँहुचका लागि सहकारी प्रणालीलाई प्रोत्साहन गरिने छ ।

२६.सम्भव भए सम्मका स्थानीय उत्पादनको न्यूनतम समर्थन मूल्य निर्धारण गरी बिचौलियाको शोषणलाई न्यूनीकरण गर्ने नीति अङ्गिकार गरिनेछ । सार्वजनिक खरिदबिक्रीको प्रबन्ध मिलाउन एवं गुणस्तरीय खाद्यान्नमा सहज पँहुच र उपलब्धताको प्रत्याभूतिका लागि गाउँपालिकाभित्र उत्पादन हुने सम्पूर्ण स्थानीय वस्तुहरुको तथ्याङ्क सङ्कलनलाई निरन्तरता दिईने छ ।

२७.गाउँपालिकामा उत्पादन हुने सबै अन्नबाली तथा फलफुलहरूको सुरक्षित भण्डारण गरी बेमौसममा प्रयोग गर्न सकिने वातावरण निर्माण गर्न वडा नं. २ र वडा नं. ५ को शीतगृहको प्रयोग गर्न सहकारी मोडेलमा सञ्चालन गर्ने तयारी गरिनेछ ।

२८.वडा नं. २ मा लिफ्ट सिँचाइ मार्फत् सिँचाई सुविधा उपलब्ध गराउने व्यवस्था आगामी आ.व. सम्ममा सम्पन्न गरिनेछ । अन्य वडाहरूमा पशुपालन तथा कृषि कार्यका लागि दीर्घकालीन योजना तयार गरी कृषि सडक तथा स्थानीय सिँचाइ प्रणालीको निर्माणमा प्राथमिकता दिईनेछ ।

२९.संघ सरकारसँगको समन्वयमा राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बाली वस्तुको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट क्षेत्र) विकास कार्यक्रम निरन्तरता गरिने छ । विगतका आ.व. मा स्थापित र यस आ.व. सम्म निरन्तरता भईराखेका धान, आलु, केरा पकेटहरूलाई सम्बन्धित समूहलाई पूर्ण रुपमा हस्तान्तरण गरी सोही समूहहरूबाट विकास कार्यक्रमहरूको सञ्चालन गरिने व्यवस्था मिलाईने छ । यी अन्नबाली तथा फलफुलमा गाउँपालिकालाई आत्मनिर्भर बनाइनेछ ।

३०.जडीबुटीको व्यावसायिक खेतीका लागि सम्भाब्यता अध्ययन तथा नक्साङ्कन कार्य गरिनेछ। जडीबुटीको प्रचुरता रहेका वडा नं ६, ७ र ८ लगायतका स्थानहरुको स्वस्थानीय संरक्षण तथा प्रयोगको व्यवस्था गरिनेछ।

**पशुपालन**

३१.पशुपालन प्रति आकर्षण वृद्धि गर्न तथा पशुपालन पेशालाई वृत्तिका रूपमा लिएका कृषकहरुलाई प्रोत्साहन गर्न प्रतिस्पर्धामा आधारित कार्यक्रमहरु सञ्चालनको व्यवस्था मिलाईनेछ ।

३२.निःशुल्क पशु स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि एक वडा एक पशु प्राविधिकको नीति लिईनेछ । निःशुल्क पशु औषधि वितरणको व्यवस्था मिलाईने छ ।

३३. पशुपंछीहरूको तथ्याङ्क सङ्कलन गर्ने र रोगहरूबाट बचाउनका लागि पशुपंछी खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**पर्यटन**

३४.रघुगंगा र अन्नपूर्ण गाउँपालिका जोड्ने लामो झोलुङ्गे पुल, रघुगंगा गाउँपालिका र जलजला गाउँपालिका जोड्ने लामो झोलुङ्गे पुल, रघुगंगा र बेनी नगरपालिका जोड्ने लामो झोलुङ्गे पुल, दर्मिजा पाखापानी लामो झोलुङ्गे पुल, भगवतीको रुईसे क्षेत्र, पिप्लेको गलेश्वर गायत्री मन्दिर र रानीपौवा क्षेत्र, दग्नामको तातोपानी कुण्ड, झिँको टोड्के, पाखापानीको मालिका मन्दिर, चिमखोलाको मण्डलीथान तथा कुईनेमंगलेको रिखार मन्दिर लगायतका क्षेत्रलाई एक आपसमा जोडी पर्यटकीय क्षेत्रको रुपमा विकास गरी रघुगंगा गाउँपालिकाकालाई पर्यटकीय गन्तव्यका रुपमा स्थापित गरिनेछ।

३५.बेगखोलाको तिप्ल्याङ्गमा पुन भि.सी. स्मृति सङ्ग्रहालयको विस्तृत परियोजना प्रतिवेदन तयार भैसकेकाले सङ्घीय एवं प्रदेश सरकारसँगको साझेदारीमा निर्माण गरी सञ्चालनमा ल्याउनका लागि पहल गरिनेछ।

३६.गाउँपालिकाभित्र संचालनमा रहेका होमस्टेहरुको प्रभावकारी नियमन गर्दै होमस्टे दर्ता तथा नवीकरण प्रक्रियालाई थप व्यवस्थित बनाइनेछ ।

३७.प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको विकासका लागि पूर्वाधार विकासमा जोड दिइनेछ । रुईसेलाई पर्यटकीय तथा औद्योगिक क्षेत्रका रूपमा विकास गर्ने गरी पहुँचमार्ग एवं नौली बराह क्षेत्रमा औद्योगिक ग्राम निर्माणको कार्य अगाडि बढाइनेछ ।

**उद्योग, व्यापार र वाणिज्य**

३८.गाँउपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाइँदै आएकोमा यसलाई थप व्यवस्थित गर्न साना तथा ठूला व्यवसायलाई अनिवार्य रुपमा दर्ता एवं नवीकरण हुनुपर्ने व्यवस्था गरिनेछ ।

३९.गाँउपालिकाले हाल लिदै आएको कर, राजस्व, शुल्क आदिलाई थप व्यवस्थित र वैज्ञानिक बनाइनेछ "***हाम्रो गाउँपालिका हाम्रो कर, समृद्ध गाउँपालिका कर दाताको रहर***" भन्ने नारालाई साकार पार्न असल करदातालाई सम्मान र तोकिएको समयमै कर तिर्ने करदातालाई विशेष छुटको व्यवस्था मिलाइने छ । सम्पत्ति करलाई सबै वडाबाट अनिवार्य रूपमा उठाउन तथा व्यवस्थित तरिकाले संकलन गर्न आवश्यक प्रबन्ध गरिनेछ।

४०.गाँउपालिकाभित्र निजी क्षेत्रबाट सञ्चालित आयोजनाहरुको समस्या समाधानका लागि अवश्यक सहजिकरण गरिने छ ।

४१.गैरसरकारी संघ संस्थामा आबद्ध रही गाँउपालिका क्षेत्रभित्र कार्यरत रहेका विदेशी नागरिकको यथार्थ विवरण गाउँकार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा अध्यावधिक गरी जानकारी गराउनुपर्ने नीति अविलम्व लिईनेछ ।

**सहकारी**

४२.दिगो स्थानीय विकासमा संघ, प्रदेश तथा स्थानीय तह र सहकारी बिचको अन्तरआबद्धता र सहकार्यलाई विस्तार गरिनेछ । गाउँपालिकामा सञ्चालित सहकारीहरू नियमन गर्न रघुगंगा गाउँपालिकाको सहकारी ऐन, २०७५ को समसामयिक परिमार्जन गरिनेछ ।

४३.बहुउद्देश्यीय सहकारी मार्फत् सहुलियतपूर्ण ऋण उपलब्ध गराई रोजगारी सिर्जनामा पहल गर्न कार्यविधि निर्माण गरिनेछ ।

४४. गाउँपालिकाभित्र सञ्चालित महिला प्रवर्द्धित सहकारीहरू मार्फत् छोरी पेवा बचत कार्यक्रमलाई थप प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ ।

४५.नीतिगत व्यवस्थाको सहकारी क्षेत्रमा कार्यान्वयन गर्न **व्यक्ति एक विषयगत विधा एक** भन्ने मान्यतालाई कार्यान्वयन गरी एउटै उद्देश्यको सहकारीमा सदस्य हुन नपाइने नीति अवलम्बन गरिनेछ ।

४६.वित्तीय समावेशिता तथा वित्तीय साक्षरता वृद्धि गर्न साथै सहकारी शिक्षा विस्तार गर्न सघन रुपमा वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ ।

४७.गाउँपालिकाको सहकारी शाखालाई सक्षम जनशक्ति सहितको आवश्यक श्रोत साधन सम्पन्न बनाइनेछ। सहकारीहरूको क्षमता अभिवृद्धिका लागि सार्वजनिक निजी साझेदारीको माध्यमबाट कार्यक्रमहरू तय गरिनेछ ।

**श्रम तथा रोजगारी**

४८.गाँउपालिकामा सञ्चालन हुने विकास निर्माणका कार्यहरुमा स्थानीय स्रोत र साधनको आदर्शतम् परिचालन गरिने छ साथै स्थानीय सिप र श्रमको प्रयोग मार्फत् रोजगारीका अवसरहरु सिर्जना गरिने छ।

४९.युवाहरुलाई स्वरोजगार बनाउनका लागि सिपमुलक तालिमहरु प्रदान गरी सिपको प्रमाण–पत्र प्रदान गरिनेछ ।

५०.स्थानीय स्तरमा संचालन हुने योजनाहरुमा जनश्रमदानको व्यवस्था गर्दै सूचीकृत स्थानीय बासिन्दाहरुको सहभागितामा रोजगारीको अवसर सिर्जना हुने व्यवस्था मिलाएको छु ।

५१.बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन गरी स्थानीय स्तरमा रोजगारीको अवसर सिर्जना गर्ने नीति अवलम्बन गरिने छ । वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुको श्रम स्वीकृति तथा पुनःश्रम स्वीकृति रोजगार सेवा केन्द्रबाट प्रदान गरिने व्यवस्था मिलाईनेछ ।

५२.गाउँपालिकाभित्र विभिन्न विपद्जन्य घटनाबाट पीडित हुन पुगेका व्यक्तिहरुको उद्दार तथा व्यवस्थापनको लागि युवाहरु परिचालन गर्ने नीति लिईनेछ ।

५३.श्रमिकको जीवनस्तरमा सुधार ल्याई मर्यादित र न्यायपूर्ण समाजको निर्माण गर्न तथा औपचारिक, अनौपचारिक र स्वरोजगार श्रम क्षेत्रमा काम गर्ने श्रमिकहरुको अवस्था, संख्या, सेवासुविधा आदिको व्यवस्थित विवरण संकलन गरी अभिलेखीकरण तथा समस्याहरु छलफल एवं समाधानको प्रयत्नका लागि श्रम डेस्क स्थापना भईसकेकाले यसलाई निरन्तरता दिईनेछ ।

५४.गाउँपालिकामा सञ्चालन हुने विकास निर्माणका कार्यहरुमा स्थानीय स्रोत र साधनको आदर्शतम् परिचालन गरिनेछ । साथै स्थानीय सिप र श्रमको प्रयोग गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सामाजिक सुरक्षा कार्यक्रमसँग आबद्ध गरी मार्फत् रोजगारीका अवसरहरु सिर्जना गरिनेछ ।

५५.यस गाउँपालिका बालश्रम मुक्त घोषणा भैसकेकाले बालश्रमलाई पूर्ण रूपमा निरूत्साहित गरिनेछ । बालश्रमको जोखिममा रहेका बालबालीकाहरूको खोजी गरी गाउँपालिका, संघ, प्रदेश र निजी क्षेत्र समेतको समन्वय र सहकार्यमा उद्धार, पुर्नस्थापना र पुनर्मिलन कार्यक्रम सञ्चालन गरिनेछ ।

**गरिबी निवारण**

५६.गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यमा तीब्रता ल्याई राष्ट्रिय परिचयपत्रसँग आबद्ध गराई सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा उपयोग गरिनेछ ।

५७.गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई ८ वटै वडामा निरन्तरता दिइनेछ । गरिबसँग विश्वेश्वर कार्यक्रमलाई यसै कार्यक्रमसँग आबद्ध गरिनेछ ।

५८.उद्यमीहरू सिर्जना गर्न र आवश्यक सिप प्रदान गर्न यस आ.व.२०७९/८० मा कार्यान्वयन भईराखेको समृद्धि अभियानमा गाउँपालिका अध्यक्ष कार्यक्रमलाई थप व्यवस्थित बनाई कार्यान्वयन गर्दै लगिनेछ ।

५९.**मेक ईन नेपाल र मेड ईन नेपाल** राष्ट्रिय अभियानलाई सहयोग पुऱ्याउन गाउँपालिकाबाट विगतका आ.व. देखि सञ्चालित लघु उद्यम र सिपमूलक तालिमबाट ढाका, चुरापोते, डल कुसन एवं अन्य सामाग्रीहरूको ब्रान्डिङ्ग गर्ने वातावरण सिर्जना गरिनेछ ।

## सामाजिक क्षेत्र

### शिक्षा, युवा तथा खेलकुद

६०.**शिक्षा** अभियानमा सबैको पहुँच सुनिश्चित गर्न गाउँपालिकाभित्रका सबै बालबालीकाहरूलाई प्रारम्भिक बालविकास र शिक्षादेखि आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क **शिक्षा**को पहुँच सुनिश्चित गरिनेछ ।

६१.प्राविधिक धार सञ्चालन भएको वडा नं. २ स्थित श्री मुक्तिधाम माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि प्राविधिक शिक्षातर्फ आकर्षित गर्नका लागि आ.व. २०८०/०८१ मा छात्रबास निर्माण गरिनेछ ।

६२.रघुगंगा गाउँपालिकाका विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच विस्तार गर्न **उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम**लाई निरन्तरता दिईनेछ । गाउँपालिकाभित्र स्थायी बसोबास भई स्नातक तहमा अध्ययनरत जेहेन्दार तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरु यो कार्यक्रमबाट लाभान्वित हुनेछन् । उक्त कार्यक्रम सञ्चालनको कार्यविधि संशोधन गरी थप प्रभावकारी बनाइनेछ

६३.गाउँपालिकाको स्थानीय पाठ्यक्रम **"हाम्रो रघुगंगा"** लाई अपाङ्गमैत्री बनाइनेछ  गाउँपालिका स्तरका कृषि, पशुपालन, पर्यटन, धर्म, संस्कृति, भाषा, जाति जस्ता क्षेत्रमा आवश्यक ज्ञान, सिप र धारणा प्रदान गरी विद्यार्थीहरूलाई सुसूचित गर्न स्थानीय पाठ्यपुस्तक निर्माणको तयारी गरिनेछ ।

६४.सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि माध्यमिक तहमा शून्य दरबन्दी भएका र आधारभूत तहसम्म सञ्चालित विद्यालयहरूमा नियुक्त गरिएका शिक्षक र प्रारम्भिक बाल कक्षामा विद्यार्थी संख्या धेरै भएका विद्यालयमा नियुक्त गरिएका बालविकास सहजकर्तालाई निरन्तरता दिइनेछ ।

६५.सामुदायिक विद्यालयहरूका लागि प्रदान गरिदै आएको विद्यालय व्यवस्थापन अनुदानको आधारभूत तह (१-३ कक्षा, १-५ कक्षा र १-८ कक्षा) र माध्यमिक तह (१-१० कक्षा र १-१२ कक्षा) का लागि छुट्टाछुट्टै मापदण्डका आधारमा पुनरावलोकन गरी अनुदान उपलब्ध गराईनेछ । शिक्षकको न्यूनताले पठनपाठनमा असहज भएका विद्यालयमा शिक्षकको तलबभत्ता, प्रधानाध्यापकहरूको प्रोत्साहन भत्ता समेतलाई निरन्तरता दिइनेछ ।

६६.बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारी र लेखा कर्मचारीहरूको नेपाल सरकारले तोकेको मापदण्डका आधारमा पारिश्रमिकको व्यवस्थालाई निरन्तरता दिई उनीहरूलाई पेशाप्रति जिम्मेवार र जवाफदेही बनाइनेछ ।

६७.शैक्षिक पहुँच विस्तारका लागि सामुदायिक सिकाइ केन्द्र मार्फत् **साक्षरता शिक्षा तथा निरन्तर शिक्षा**का कार्यक्रम सञ्चालन गरिनेछ ।

६८.गाउँपालिका र समृद्ध ग्रामीण नेपालको लागि शैक्षिक उन्नयन (LEARN) सँग साझेदारी मार्फत् शिक्षण सिकाइमा नवीन प्रवृत्तिहरूको प्रयोग र अभ्यास गर्न निरन्तता दिईनेछ ।

६९.प्रारम्भिक बालविकास केन्द्रदेखि कक्षा ६ सम्मका विद्यार्थीहरूको पठनपाठनलाई निरन्तरता दिनका लागि **दिवा खाजा**को व्यवस्था, सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरूको महिनावारी चक्रलाई व्यवस्थापन गरी उनीहरूको सिकाइ कार्यमा नियमितता दिन आवश्यक **सेनिटरी प्याड**को व्यवस्था गरिनेछ । विद्यालय तहमा अध्ययनरत सबै बालबालीकालाई **निःशुल्क पाठ्यपुस्तक**को व्यवस्था गरी सबै बालबालीकाहरूलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गरिनेछ ।

७०.**नमुना विद्यालय विकास कार्यक्रम** लाई निरन्तरता दिई एउटा विद्यालयमा भएका अनुकरणीय अभ्यासलाई अन्य विद्यालयमा हस्तान्तरणको वातावरण सिर्जना गरी शिक्षा क्षेत्र सुदृढ हुने गरी कार्यान्वयन गरिनेछ ।

७१.सबै शैक्षिक संस्थामा शिक्षण सिकाइमा एकरूपता कायम गर्न शैक्षिक क्यालेण्डर निर्माण गरी सोही क्यालेण्डरमा तोकिएको समयसीमा भित्र शिक्षण सिकाइ सहजीकरण र अतिरिक्त क्रियाकलापहरूको व्यवस्थापन गरिनेछ ।

७२.सङ्घीय र प्रदेश सरकारसँग गाउँपालिकाले गरेको प्रतिबद्धता अनुरुप बालमैत्री शासनको प्रारूप अनुसार भौतिक पूर्वाधारका संरचनाहरू बालमैत्री र अपाङ्गमैत्री बनाइनेछ । विद्यालय क्षेत्रभित्र र बाहिर रहेका बालबालीकाहरू सबैको व्यक्तिगत घटनादर्तामा पहुँच विस्तार गरी शत प्रतिशत पुऱ्याईनेछ।

७३.गाउँपालिका स्तरीय, जिल्ला, प्रादेशिक र राष्ट्रिय स्तरका प्रतियोगितामा सहभागी गराउन खेलमैदानहरू विस्तार गरि खेलाडीको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गरिनेछ । विभिन्न स्थानमा खेलमैदान निर्माण, विस्तार तथा संरक्षण गरिनेछ । प्रत्येक विद्यालयमा बालक्लब विस्तार गरी अतिरिक्त क्रियाकलापमा सहभागिताको वातावरण सुनिश्चित गरिनेछ ।

७४.गाउँपालिकाभित्र विभिन्न विपद्जन्य घटनाबाट पीडित हुन पुगेका व्यक्तिहरुको उद्धारका लागि स्वयंसेवकका रूपमा युवा परिचालनको नीति लिईनेछ ।

७५.विद्यालयको शैक्षिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सिकाइ सामग्री तथा विद्युतीय हाजिरीको प्रयोगलाई थप प्रभावकारी बनाइनेछ ।

## स्वास्थ्य तथा जनसंख्या व्यवस्थापन

७६.स्वास्थ्य संस्थामा जान ढिलाई हुँदा उत्पन्न हुन सक्ने विषम परिस्थितिलाई न्यूनीकरण गर्न दुर्गम स्थानमा सञ्चालित ७ वटै र यस आ.व. मा थप भएका २ वटा सामुदायिक स्वास्थ्य इकाईलाई निरन्तरता दिइनेछ।

७७.वडा नं. १ बेगखोलामा दश शैया अस्पताल निर्माण कार्य अगाडि बढाइनेछ । पिप्ले स्वास्थ्यचौकी र पाखापानी स्वास्थ्य चौकीमा ल्याव सहितको स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ भने चिमखोला स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टरको सेवा थप गरी सबै वडाहरूबाट प्रसुती सेवालाई स्वास्थ्यसंस्था मार्फत् मात्रै हुने गरी व्यवस्थापन गरिनेछ ।

७८. गाउँपालिकाभित्र बसोबास गर्ने प्रत्येक नागरिकहरूको पारिवारिक स्वास्थ्य प्रोफाईल तयार गरिनेछ । स्वास्थ्य बिमा गर्ने राष्ट्रिय अभियानलाई सक्रियताका साथ कार्यान्वयन गर्न सहयोग गरिनेछ ।

७९. नेपाल सरकारले वि.सं. २०८७ सम्म पोषणमैत्री स्थानीय शासन घोषणा गर्न लिएको लक्ष्यलाई बहुक्षेत्रीय पोषण कार्यक्रम, मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, १००० दिनका आमा, बच्चा र किशोर किशोरी लक्षित कार्यक्रम, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निःशुल्क गर्भपतन कार्यक्रम, विद्यालय स्वास्थ्य शिक्षा, आमा समूह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन प्रवर्द्धन अभियान, स्वास्थ्यकर्मीहरु, महिला स्वास्थ्य स्वयंसेविकाका लागि आधारभूत तथा आकस्मिक सेवा अन्तर्गत आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी प्राथमिक उपचारबारे अभिमुखीकरण/तालिम सञ्चालन गरिनेछ ।

८०. रघुगंगा गाउँपालिका स्थायी ठेगाना भएका व्यक्तिको जिल्लाभित्र उपचार गर्दा रगत आवश्यक पर्ने भएमा नेपाल रेडक्रस सोसाइटी म्याग्दी शाखासँगको समन्वयमा निःशुल्क रगत उपलब्ध गराउने गरी फ्रि-ब्लड जोनका रूपमा निरन्तरता दिइनेछ । साथै नेपाल रेडक्रस सोसाइटी म्याग्दी शाखासँगको साझेदारीमा जिविकोपार्जन कार्यक्रम समेत सञ्चालन गरिनेछ ।

८१. वैकल्पिक उपचार पद्धतिको रुपमा आयुर्वेद उपचार सेवालाई विकास गर्ने नीति अवलम्वन गरिने छ । आयुर्वेद सेवा प्रवर्द्धन सम्बन्धी कार्यक्रम अगाडि बढाईनेछ ।

८२. स्वास्थ्य संस्था मार्फत् उपचार गरी वितरण हुने औषधिको भण्डारणलाई व्यवस्थित गरी कार्यान्वयन गरिनेछ । नेपाल सरकारले निःशुल्क औषधि भनी घोषणा गरेका ९६ प्रकारका औषधिहरुको सबै स्वास्थ्य संस्थामा नियमित उपलब्धताको प्रबन्ध गरिनेछ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण

८३. दीगो विकास लक्ष्यका लक्ष्य नं. ५ लैङ्गिक समानता र लक्ष्य नं. १० असमानताको न्यूनीकरणमा विगतको अभ्यासलाई थाती राखी महिला सहभागितालाई उच्च प्राथमिकतामा राखीनेछ । टोल/बस्तिस्तरबाट असमानता घटाउन विभिन्न वर्ग, क्षेत्र, भाषाभाषी, जातजातिको सहभागितामा विशेष व्यवस्थाको नीतिलाई निरन्तरता दिईनेछ ।

८४. ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, विधवा, दलित बालबालीका लगायतलाई नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्रत्याभूत गरिदै आएकामा आर्थिक र सामाजिक रुपमा जोखिममा रहेका नागरिकहरुलाई सुरक्षा प्रदान गर्न तथा सभ्य र लोककल्याणकारी राज्य व्यवस्थाका लागि आवश्यक प्रबन्ध गरिनेछ।

८५. सामाजिक सुरक्षा भत्तालाई बैकिङ प्रणाली मार्फत् वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। सबै वडामा उपस्थित भई बैंकद्वारा नै भत्ता वितरण गर्ने गरिएकोमा उक्त व्यवस्थालाई निरन्तरता दिईनेछ ।

८६. समाजमा रहेका कुरीति, कुप्रथा, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपोसार, धुम्रपान, मद्यपान, सूर्तिजन्य पदार्थ र लागुपदार्थ विरुद्ध सचेतनामूलक कार्यक्रमलाई ***"हाम्रो समाजः राम्रो समाज" अभियानलाई*** निरन्तरता दिईनेछ । घरेलु हिंसा अन्त्यका न्यायिक समिति र मेलमिलापकर्ताहरूलाई थप क्रियाशील बनाइनेछ । सो कार्यमा स्थानीय, सामाजिक/गैर सरकारी संघ संस्थाहरू परिचालन गरिनेछ ।

८७. सडक आश्रित, अभिभावकविहीन, हिंसा, दुर्व्यवहार, शोषण (शारीरिक, मानसिक तथा यौन र श्रम शोषण), बेचविखन, बालविवाह, मानसिक समस्या आदि लगायतका कारणबाट जोखिम अवस्थामा रहेका बालबालीका, किशोर, किशोरीहरूको उचित संरक्षण, पुनर्स्थापना, विकास, सिपशिक्षा र परिवारको जीविकोपार्जनलाई सम्बोधन गर्न व्यवस्था मिलाईनेछ ।

८८. गाउँपालिकाभित्र रहेका अपाङ्गता भएका/फरक क्षमताका व्यक्तिहरुलाई कार्यविधिको अधीनमा रही अपाङ्गता परिचय–पत्र वितरण गरिनेछ ।

८९. अपाङ्गता भएका व्यक्ति, असहाय, अशक्त, गर्भवती, सुत्केरी, ज्येष्ठ नागरिक र विपन्न वर्गको उपचार सुविधालाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ । क्यान्सर, मुटु, मृगौला, स्पाइनल इन्जुरी र हेड इन्जुरी जस्ता रोगबाट पीडित अति गरिब बिरामीलाई उपचारको लागि आर्थिक सहयोग गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९०. अशक्त, असहाय, सहाराविहीन बालबालीका तथा ज्येष्ठ नागरिकहरूका लागि थप आश्रय स्थल निर्माण गर्नका लागि र गाउँपालिका बाहिरका विभिन्न स्थानहरूमा आश्रय व्यवस्थापनका लागि प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गरिनेछ ।

९१. अपाङ्गता भएका बालबालीकाहरूको लागि शैक्षिक सामग्री वितरण गर्ने व्यवस्था मिलाईनेछ । उच्च शिक्षा अध्ययन गर्नका लागि उच्च शिक्षा छात्रवृत्ति अन्तर्गत अपाङ्गता भएका विद्यार्थीहरूको लागि गाउँपालिकाको छात्रवृत्तिमा प्राथमिकता दिईनेछ ।

९२. महिला सशक्तीकरण, बालबालीका लक्षित, अपाङ्ग लक्षित कार्यक्रम र दलित लक्षित कार्यक्रमहरू संचालन गरिनेछ । उक्त कार्यक्रमहरू मार्फत् आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालीका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानका लागि विशेष कार्यक्रमहरू गरिनेछ ।

९३. अपाङ्गता लक्षित कार्यक्रमहरूलाई प्रभावकारी बनाउनको लागि अपाङ्गताको क्षेत्रमा कार्यरत अपाङ्गता अधिकारकर्मी एवं संघ सस्थाहरूसँग समन्वयात्मक रूपमा कार्य गरिनेछ । मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र र पुनर्स्थापना सेवाको व्यवस्था गरिनेछ ।

९४. कृषि पेशामा आबद्ध अपाङ्गता भएका व्यक्ति तथा निजको परिवारलाई कृषि अनुदानको व्यवस्था गरिनेछ।

## खानेपानी तथा सरसफाई

९५. वडा नं. २, ३ र ७ लक्षित बृहत् चिमखोला राखु भगवती राखु पिप्ले खानेपानी आयोजना र वडा नं. ५ र ६ को बृहत् घोप्टेखोला खानेपानी आयोजना कार्यान्वयन गरी सफा र स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ । साथै अन्य वडाहरूमा खानेपानी उपलब्ध गराउन जनतासँगको सहलगानीमा खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ ।

९६. पानीका मुहानहरुको संरक्षण एवम् आवश्यक अन्य केही ठाउँमा लिफ्ट प्रविधिको पूर्वाधारहरु तयार गर्ने प्रक्रिया अगाडि बढाईने छ । पानी प्रयोगको प्राथमिकता निर्धारण गरी निजी जग्गामा रहेका पानीका

मुहानहरुलाई सार्वजनिक उपयोगमा ल्याउने व्यवस्था गरिनेछ। वडा नं. ४ को दर्मिजा तातोपानीलाई लिफ्टिङ्ग प्रविधि मार्फत् गाउँमा ल्याई कुण्ड निर्माणको प्रबन्ध मिलाईनेछ ।

९७. हाल कार्यान्वयनमा रहेको **एक घरः एक धारा खानेपानी** आयोजनाहरू र बृहत् खानेपानी आयोजनाहरूलाई एक आपसमा जोडी गाउँपालिका भर क्रमशः स्वच्छ र शुद्ध खानेपानी उपलब्ध गराउन पहल गरिनेछ ।

**मेला महोत्सव व्यवस्थापन**

९८. स्थानीय मेला तथा महोत्सवलाई प्रभावकारी रुपमा नियमन गरिने छ ।

९९. गाउँपालिकाभित्र सञ्चालित एवं विभिन्न निकायसँगको साझेदारीमा सञ्चालन हुने खेलकुद, सामाजिक, सांस्कृतिक, आर्थिक मेला तथा महोत्सवहरूलाई प्रोत्साहन गरिनेछ ।

## पूर्वाधार विकास

**भौतिक योजना र पूर्वाधार विकास**

१००. गाउँपालिकाका योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाइनेछ रणनीतिक महत्त्वका पूर्वाधार निर्माण तथा औद्यौगिक विकासका लागि सार्वजनिक निजी साझेदारीका अन्य उपयुक्त लगानी र निर्माण ढाँचा समेत कार्यान्वयनमा ल्याईनेछ ।

१०१. वडा नं. २ को नौली बराह क्षेत्रमा औद्योगिक ग्राम निर्माणको कार्यलाई निरन्तता दिईनेछ ।

१०२. साना साना योजनाहरू तथा अनुत्पादक योजना तथा कार्यक्रमहरूलाई निरुत्साहित गरी ***वडा स्तरीय गौरवको योजना*** संचालन गरिनेछ । साथै गौरवका योजना र मेसिनरी उपकरणको आवश्यकता पर्ने योजनालाई यथासम्भव ठेक्का प्रक्रिया मार्फत् सम्पन्न गरिनेछ ।

१०३. आर्थिक वर्षको अन्त्यतिर हुने चापलाई न्यून गराउनका लागि योजना सम्झौताका कार्यलाई श्रावण महिनाबाट शुरु गरिनेछ ।

**सडक तथा पुल**

१०४. गाउँपालिकाका सबै बस्तीहरूलाई सडक सञ्जालसँग जोड्न पाखापानी-रायखोर-घ्याँसिखर्क सडकलाई निर्माण तथा विस्तारको कार्य अगाडि बढाइने छ । साथै अन्य कृषि र सहायक स्तरका सडकहरूको निर्माण तथा मर्मत कार्य गरिनेछ ।

१०५. सार्वजनिक निजी साझेदारी रुपमा पूर्वाधार निर्माणलाई जोड दिइनेछ । संघ र प्रदेश सरकारसँगको सहकार्यमा महत्वपूर्ण रणनैतिक सडकहरूको निर्माण कार्य सम्पन्न गरिनेछ । गाउँपालिकाभित्र निजी क्षेत्रबाट सञ्चालित बिभिन्न हाइड्रोपावरहरूसँग सहकार्य गरी जटिल स्थानमा सडक तथा पुल निर्माण एवं स्तरोन्नतिको कार्य अगाडि बढाइने छ ।

१०६. छरिएर रहेका बस्ती बिचको दुरी कम गरी सामाजिक आदान प्रदान तथा प्रशासनिक सुगमताका लागि झोलुङ्गे पुल निर्माणमा नेपाल सरकार तथा प्रदेश सरकारसँग आवश्यक सहलगानी तथा समन्वय गरिनेछ ।

## भवन

१०७.वडा नं. १ को कार्यालय भवन, वडा नं ४ को कार्यालय भवन, वडा नं ५ को कार्यालय भवन निर्माण सम्पन्न र वडा नं ७ को कार्यालय भवन निर्माणको कार्य अगाडि बढाइनेछ । आ.व. २०८१/८२ सम्म सबै वडा कार्यालयहरूको आफ्नै भवन निर्माण गर्ने नीति लिइनेछ ।

१०८.स्थानीय समुदायसँगको सहकार्यमा गाउँपालिकाको लागि निःशुल्क जग्गा व्यवस्थापनको कार्य भौतिक रूपमा सपन्न भईसकेकाले प्राप्त हुन बाँकी केही जग्गा यथाशीघ्र प्राप्तिका लागि पहल गरिनेछ ।

१०९.गाउँपालिकाभित्रका आमा समूह तथा युवा क्लवहरुका भवन निर्माण, घेराबार तथा व्यवस्थापनको कार्य सङ्घीय र प्रदेश सरकारको सहयोगमा निरन्तर रूपमा निर्माण र मर्मत संभार गर्दै लगिनेछ ।

## जल विद्युत तथा वैकल्पिक उर्जा

११०.वायोग्याँस, बायोमास, सौर्य उर्जा लगायत वैकल्पिक उर्जाको प्रवर्द्धन र परिप्रयोगको व्यवस्था गरिनेछ । बाक्लो बस्तीहरुमा सौर्य उर्जाको प्रयोग गरी चोक तथा सार्वजनिक स्थलहरुलाई उज्यालोमा परिणत गर्दै उज्यालो गाउँ बस्ती तथा शहर निर्माण गरिनेछ ।

१११.गाउँपालिकाभित्र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रुपमा संचालनमा रहेको राहुघाट जलविद्युत आयोजना तथा निजीक्षेत्रबाट सञ्चालित अन्य जलविद्युत आयोजनाहरू समयमा नै सम्पन्न गर्न स्थानीय सरकारका तर्फबाट आवश्यक सहयोग एवम् समन्वय गरिनेछ । साथै गाउँपालिकाभित्र अन्य जलविद्युत उत्पादनको सम्भाव्यता अध्ययन गरी ***उज्यालो रघुगंगा*** निर्माण गर्न जलविद्युतमा समेत साझेदारीमा लगानी गरिनेछ ।

## शहरी योजना र विकास

११२.जोखिमयुक्त बस्ती पहिचान गरी सुगम यातायातको व्यवस्था सहितको एकीकृत सामुहिक आवासको व्यवस्था गर्ने नीति राखीनेछ ।

११३.गाउँपालिकाबाट नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरित निर्माण कार्य गरिएका संरचनालाई विशेष व्यवस्थासहित कानुनी दायरामा ल्याई त्यस्ता कार्य गर्नेलाई निरुत्साहित गरिनेछ ।गाउँपालिकाले तोकेको सडकको अधिकार क्षेत्रभित्र बनेका संरचना जुनसुकै वखत हटाइनेछ ।

११४.सुकुम्बासी तथा विपन्न नागरिकको पहिचान र अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरी सुकुम्बासी तथा विपन्न नागरिक सम्बन्धी जीविकोपार्जन र बसोबासको व्यवस्थापनका लागि उचित प्रवन्ध गरिनेछ ।

११५.ढल निकास र फोहोरमैला व्यवस्थापनका लागि बेनी नगरपालिकाको समन्वयमा व्यवस्थापनको तयारी अगाडि बढाईनेछ ।

११६.गाउँपालिकाका सडकहरूको सडक गुरूयोजना (MTMP) तयार भैसकेकाले सोही अनुसार सडक पूर्वाधारको निर्माण, स्तरोन्नती र विकास गर्ने नीति लिइनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

**वन**

११७.न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास नीति अवलम्ब गरिनेछ । वातावरण संरक्षण, हरियाली प्रवर्द्धन र वृक्षारोपण, पालिकाको सौन्दर्यता र सोको संरक्षण, भू:संरक्षण तथा जल उपयोग, भू-उपयोग एवं विभिन्न प्रकोप नियन्त्रणका लागि आवश्यक प्रबन्ध गरिनेछ ।

११८.सार्वजनिक वन संरक्षणका लागि नीतिगत एवं संस्थागत व्यवस्था गरिनेछ । सामुदायिक वनलाई आयआर्जनको स्रोतका रूपमा विकास गरिनेछ ।

११९.जथाभावी हुने वन फँडानी, आगोलागी र चोरी निकासी नियन्त्रणका लागि आवश्यक प्रबन्ध गरिनेछ । वातावरणीय सन्तुलनलाई ध्यानमा राखी समग्र कार्य निर्देशित हुनेछन् ।

**विपद् व्यवस्थापन**

१२०.विपद् व्यवस्थापन कोष र विपद् व्यवस्थापन खर्चको आदर्शतम् उपयोग गरिनेछ। विपद् आइपरेमा तत्काल राहत, उद्धार तथा पुनर्स्थापना गर्ने क्षमतायुक्त संरचना निर्माण गरिनेछ ।

१२१.विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई समयसापेक्ष बनाई पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्वभण्डारण, स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण, विपद जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको पहिचान र स्थानान्तरण गरिनेछ । खोज उद्दारका सामग्रीहरू व्यवस्थापन गरिनेछ।

१२२.हरित सडकको अवधारणा अनुरूप सडक निर्माण गर्दा अनिवार्य वृक्षारोपण गर्नुपर्ने गरी ***प्राकृतिक संरक्षण उन्मुख विकास अभियान*** सञ्चालन गरिनेछ । जलवायु परिवर्तनका कारण पर्न सक्ने असरहरू न्यूनीकण गर्न जलवायु अनुकूलन कोषको व्यवस्था गरिनेछ ।

**भूमि व्यवस्था**

१२३.भू-उपयोग ऐन र नियमावली अनुसार भूमिको वर्गीकरण गरिनेछ । गाउँपालिकाका सबै जग्गाको वर्गीकरणको कार्य सम्पन्न गरिने छ । गाउँपालिकाका बाँझो जग्गा व्यवस्थापन गर्न रैथाने बाली उत्पादन प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

१२४.सार्वजनिक र सरकारी सम्पत्तिको अभिलेख राखी संरक्षण र सदुपयोग गरिने छ। यसका लागि गाउँपालिका र वडामा गठित सार्वजनिक तथा सरकारी जग्गा संरक्षण समितिलाई थप क्रियाशील बनाइनेछ ।

१२५.गाउँपालिकाभित्र रहेको गुठीको समस्यालाई यथाशीघ्र सम्बोधन गर्न प्रदेश सरकार मार्फत् नेपाल सरकार समक्ष आवश्यक पहल गरिनेछ ।

## शुसासन तथा संस्थागत क्षमता विकास

**संगठन संरचना, दरबन्दी**

१२६.रघुगंगा गाउँपालिकाको मितव्ययी सांगठनिक स्वरुप तथा दरवन्दी संरचना निर्माण गरी स्वीकृत दरवन्दी संरचनाभन्दा थप व्यय भार नपर्ने गरी प्रशासनिक संरचना खडा गरिने छ । साथै प्रशासनिक संरचनालाई कार्यमूलक बनाइनेछ ।

१२७.गाउँपालिकाको अधिकार क्षेत्रभित्र रही सम्बोधनको आवश्यकता महसुस गरिएका सबै विषयमा आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१२८.जनशक्तिको क्षमता विकासका लागि योजना बनाई कार्यान्वयन गरिनेछ।जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकासका लागि पर्याप्त मात्रामा तालिम, गोष्ठी, सेमिनार तथा अन्तर्क्रिया कार्यक्रमहरू सम्पन्न गरिनेछ ।

## सुशासन र सेवा प्रवाह

१२९.गाउँपालिकाभित्र संचालन हुने यातायातका साधनहरुको भाडादरमा एकरुपता कायम गर्न उपयुक्त स्थानीय भाडादर निर्धारण गरिनेछ ।साथै गाउँपालिकाभित्रका निर्माण सामग्री र श्रमको उपयुक्त ज्याला तथा दर रेट निर्धारण गरिने छ ।

१३०.कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड तथा सूचकहरू तय गरिनेछ ।

१३१.गाँउ कार्यपालिकाको कार्यालय र सो अन्तर्गतका कार्यालयहरुको प्रशासनलाई सेवाग्राहीमैत्री चुस्तदुरुस्त, छिटोछरितो, मितव्ययी, पारदर्शी, जवाफदेही र निष्पक्ष बनाई सेवाप्रवाहमा सर्वसाधारणको सरल, सहज र समावेशी पँहुच सुनिश्चित गरिने छ। साथै सेवा प्रवाहलाई प्रविधिमैत्री बनाइनेछ ।

१३२.योजनाहरुको गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन तथा सुपरीवेक्षणका लागि पालिकास्तर, वडास्तर र योजना स्तरमा रहने अनुगमन समितिहरुलाई क्रियाशील बनाइने छ।

१३३.गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृत र वडा अध्यक्षसँग तथा प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखसँग मापन योग्य सूचकहरु सहित कार्यसम्पादन सम्झौता गरी सम्बन्धित पदाधिकारीहरुलाई नतिजा प्रति थप जवाफदेही बनाइनेछ साथै कार्यसम्पादनमा आधारित करार सेवा पद्धति अवलम्वन गरिनेछ ।

१३४.खोप, भिटामिन ए वितरण, स्वास्थ्य/आयुर्वेद शिविर, कृषि/पशु स्वास्थ्य सम्बन्धी शिविर, योजना सम्झौता, व्यवसाय दर्ता तथा नवीकरण, घटना दर्ता, अपाङ्ग तथा ज्येष्ठ नागरिक परिचय पत्र वितरण लगायत जिल्लास्तरीय विषयगत कार्यालय समेतका सेवाहरूलाई घुम्ती सेवा मार्फत् थप विस्तार गर्ने नीति लिईनेछ।

१३५.म्याग्दी जिल्ला हिमाली जिल्ला घोषणा भएसँगै गाउँपालिकाको जनसङ्ख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता, भाषिक, सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा रघुगंगा गाउँपालिकामा एक वटा गाउँपालिका थप गर्न र वडा नं ३ लाई विभाजन गरी थप एक वडा निर्माण गर्न प्रदेश सरकार मार्फत् नेपाल सरकार समक्ष प्रस्ताव पेश गरिनेछ ।

## संस्थागत व्यक्तिगत र मानव संशाधन विकास

१३६.विषयगत समिति, गाउँसभाका सदस्यहरु र कर्मचारीको क्षमता अभिवृद्धि गरी विकास र सेवा प्रवाहमा गुणस्तर कायम गर्न तालिम, प्रशिक्षण र अभिमुखीकरण गराइनेछ ।

१३७.विवाद समाधानको लागि मेलमिलाप तथा मध्यस्थता सेवालाई न्यायिक समिति मार्फत् थप प्रभावकारी बनाइनेछ वडामा स्थापना गरिएका मेलमिलाप केन्द्रलाई मेलमिलाप मार्फत् विवाद समाधान गरी शान्ति स्थापना गर्ने केन्द्रको रुपमा विकसित गरिनेछ ।

**वित्तीय अनुशासन र पारदर्शिता**

१३८.भ्रष्टाचारजन्य क्रियाकलापहरुमा शून्य सहनशीलताको नीति अवलम्बन गर्दै भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गर्ने आधार सिर्जना गरिनेछ ।

१३९.समृद्ध रघुगंगा निर्माणका लागि यस गाउँपालिकाको प्रशासनलाई निष्पक्षता, तटस्थता, प्रतिबद्धताको सिद्धान्तप्रति समर्पित गराइने छ । सार्वजनिक खर्च व्यवस्थापनलाई नतिजामुखी बनाइनेछ सार्वजनिक क्षेत्रमा सुशासन कायम गरिनेछ ।

१४०.गाउँपालिकाभित्र सदाचारिता, नैतिकता, मितव्ययिता, कुशलता र प्रभावकारिता झल्कने गरी कार्य गर्ने कर्मचारीलाई ***गाउँपालिका उत्कृष्ट कर्मचारी*** पुरस्कारबाट सम्मान गरिने छ । दण्ड तथा पुरस्कारको प्रणालीलाई व्यवस्थित र वस्तुनिष्ठ बनाइनेछ ।

**सार्वजनिक सुनुवाई**

१४१.गाउँपालिकाका आर्थिक, प्रशासनिक विकास निर्माण लगायतका विषयमा जनगुनासो सम्बोधन र जनअपेक्षा बमोजिम अगाडि बढ्ने प्रयोजनको लागि सार्वजनिक सुनुवाई सम्पन्न गरिनेछ ।जसबाट पारदर्शी र न्यूनतम सरकार निर्माण हुनेछ । साथै गाउँपालिकाका काम कारबाहीहरू नियमित रूपमा संचार माध्यम मार्फत् सुसूचित गराइनेछ ।

**आन्तरिक लेखा परीक्षण र आन्तरिक नियन्त्रण प्रणाली**

१४२.कार्यालयको लेखा प्रणालीलाई त्रुटि रहित बनाउनका लागि आन्तरिक लेखा परीक्षण र आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१४३.गाउँपालिकामा आन्तरिक नियन्त्रण प्रणालीको रूपमा लागु गरिएको कार्यसंचालन निर्देशिका तथा आन्तरिक नियन्त्रण प्रणाली निर्देशिकाको पूर्णरूपमा कार्यान्वयन गरिनेछ ।

**अन्तिम लेखा प्रणाली र बेरुजु फछ्र्यौट**

१४४.सार्वजनिक लेखा समिति मार्फत् अन्तिम लेखा परीक्षणले औंल्याएका त्रुटिहरु सुधार गरी फछ्र्यौटका लागि आवश्यकता अनुसार गाउँ सभा समक्ष पेश गरिनेछ र समयमै समपरीक्षण गरि बेरुजु फछ्र्यौटको व्यवस्था गरिनेछ ।

१४५.आर्थिक पारदर्शीता र वित्तीय अनुशासनलाई कडाइका साथ पालना गर्दै बेरूजु कम गरिनेछ । बेरूजु फछ्र्यौटलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

**पञ्जीकरण व्यवस्थापन**

१४६.गाउँपालिकाभित्रका व्यक्तिगत घटनाहरुको समयमै दर्ता गर्ने पद्धतिको विकास गरिनेछ ।पूर्ण रुपमा अनलाइन पद्धतिमा घटना दर्ता गरिनेछ। सो सम्बन्धमा सचेतनाका कार्यक्रम समेत संचालन गरिनेछ । आवश्यकता अनुसार दर्ता शिविर समेत सञ्चालन गरिनेछ ।

## विद्युतीय सेवा तथा सूचना प्रविधि र संचार

१४७. सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित गराई स्मार्ट गाउँपालिका बनाइनेछ । गाउँपालिका र वडा कार्यालय परिसर एवं विद्यालय परिसरमा फ्रि वाईफाईको व्यवस्था गरिनेछ । साथै गाउँपालिकाका सबै बस्ती स्तरमा इन्टरनेट विस्तारको कार्यलाई अगाडि बढाइने नीति लिईनेछ ।

१४८. गाउँपालिका र अन्तर्गतका निकायहरूको सूचना तथा तथ्यांकलाई व्यवस्थित रुपमा संकलन गरी सूचना प्रशारणलाई एकीकृत रूपमा व्यवस्थापन गर्न "गाउँपालिका डाटा बैङ्क"को स्थापना गरिनेछ ।

१४९. सूचना प्रवाहमा पत्रकारिताको व्यापक प्रयोग गर्न पत्रकारिता प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । साथै अत्यावश्यक सूचनाहरू बाहेकका शुभकामना सन्देश, क्यालेन्डर प्रकाशन जस्ता सूचनाहरू निरूत्साहनको नीति अवलम्बन गरिनेछ ।

१५०. सामाजिक संजालमा व्यक्त हुने अमर्यादित तथा असभ्य व्यवहारहरुलाई निरुत्साहित गर्दै सभ्य समाज निर्माणमा जोड दिईनेछ ।

१५१. जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्रार्हस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैंगिक सशक्तीकरण सूचाङ्क, राजस्व तथा आय–व्यय समेतको तथ्याङ्क संकलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आबद्धता र पार्श्व चित्र तथा स्रोत नक्साको अद्यावधिक अभिलेखन गरिनेछ ।

**गाउँसभाका सदस्यहरू,**

१५२. यी नीति तथा कार्यक्रमको कार्यान्वनयले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षाको अनुशरणका माध्यमबाट "समृद्ध रघुगंगा, सुखी रघुगंगाबासी" को गन्तव्यमा पुऱ्याउन सहयोग गर्नेछन्। सबैको सम्मान, सबैलाई समान अवसर र अधिकार, सुरक्षाको प्रत्याभूति एवं उत्तिकै सम्मानको प्रत्याभूति यी प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्यवनबाट गरिनेछ ।

१५३. अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकाय, राजनीतिक दलहरु, संघ संस्थाहरु, निजी तथा सहकारी क्षेत्र लगायत सबैको सद्भाव र सहयोग हुनेमा विश्वस्त छु। धन्यवाद !

जय रघुगंगा गाउँपालिका !

जय रघुगंगावासी !

भव बहादुर भण्डारी

अध्यक्ष